नीति छलफलपत्र : शृङ्खला -१

# उच्च माध्यमिक शिक्षा र यसको गन्तव्य, मुद्दा तथा चुनौतीहरू

डा. विनयकुमार कुशियैत

Alliance for Social Dialogue

यो पुस्तिका नीतिगत छलफल अगाडि बढाउने उद्देश्यले प्रकाशन गरिएको हो । एएसडीको पूर्व स्वीकृतिबिना यस पुस्तिकालाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक अन्य प्रयोजनका लागि प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ । यस पुस्तिकामा व्यक्त विचार, विश्लेषण र निष्कर्ष लेखकका निजी धहुन् र त्यसमा एएसडीको सहमति हुनैपर्छ भन्ने छैन ।

© Alliance for Social Dialogue (सामाजिक संवादका लागि सहकार्य)

प्रथम संस्करण: अगस्ट २०१२

एलायन्स फर सोसल डायलग सचिवालय
सोसल साइन्स बहा:
पोस्ट बक्स नं. २५३३४, काठमाडौं, नेपाल
फोन: ४४७२८०७, फ्याक्स: ४४६१६६९
asd@asd.org.np
www.asd.org.np

# सारांश

अन्तर्राष्ट्रिय स्तरमा विद्यालय प्रणालीमा आएको सुधार, विद्यालय शिक्षालाई सान्दर्भिक बनाउने प्रयास र शिक्षामा गुणस्तर कायम गर्नुपर्ने कारण नेपालमा उच्च माध्यमिक शिक्षाको विकास अपरिहार्य बनेको छ । तर पनि यसले विभिन्न समस्या तथा चुनौतीहरूको सामना गर्दै आएको छ । सर्वप्रथम नेपालको उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षा प्रणालीमा कसरी समाहित गर्ने भन्ने ठूलो मुद्दा तथा चुनौती बनेको छ। पाठ्यक्रममा प्रयोगात्मक पक्षको अभावका साथै पाठ्यक्रममा स्थानीयतालाई समेट्न नसक्नु पनि कमजोरी नै देखिएको छ। अझ गुणस्तरीय शिक्षाका विभिन्न मापदण्ड तथा सूचकहरूलाई कार्यक्रम तथा योजनाभित्र समेट्न नसक्नु अर्को कमजोरी रहेको छ । त्यस्तै यसले समावेशी चरित्रको शिक्षा योजनामा ध्यान केन्द्रित गर्न नसक्नुका कारण गरिब तथा पिछडिएका समुदायसम्म पहुँच बढाउन पनि सकेको छैन। सबै विद्यालयलाई एकातिर एकै किसिमको सरकारी अनुदानका कारण ग्रामीण र कमजोर विद्यालयको गुणस्तर माथि उकास्न सकिएको छैन भने अर्कातिर समता तथा सामाजिक न्यायका दृष्टिले यसलाई व्यावहारिक बनाउन सकिएको छैन । त्यसैले यी कुराहरूको निदानतिर समयमा नै ध्यान पुऱ्याउनु अति आवश्यक देखिन्छ ।

उच्च माध्यमिक शिक्षालाई समग्र विद्यालय प्रणालीमा विकास गर्न सरकार, सरोकारवाला र समुदाय तथा विद्यलयहरूले विशेष पहल गर्नुपर्छ । यस क्षेत्रमा चरणबद्ध रूपमा यसको आर्थिक दायित्व सरकारले वहन गर्नुपर्दछ । यस्तै यस शिक्षामा हालको पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षा प्रणालीमा पुनरावलोकन गरी सुधार गर्नुपर्दछ । विद्यालयलाई गुणस्तरयुक्त बनाउन विद्यार्थी, शिक्षक र विद्यालय सहयोग प्रणालीको विकास गर्नु वाञ्छनीय देखिन्छ । विद्यालयहरूको अनुगमन र मूल्याङ्कन प्रणाली स्थानीय स्तरबाट नै बलियो बनाउनुपर्छ । यस्तो शिक्षाको संरचनात्मक स्वरूपमा परिवर्तन ल्याउन सरकारले हाल भएको ऐनमा तत्कालै सुधार गर्नुपर्ने देखिन्छ ।

## १. परिचय

शिक्षा मानव विकासको प्रमुख माध्यम हो। यो सामाजिक परिवर्तन तथा सशक्तीकरणको एउटा महत्त्वपूर्ण उत्प्रेरक पनि हो। यसले शिक्षाको दिगो विकासका लागि लैङ्गिक, जातीय, वर्गीय जस्ता परम्परित असमानता तथा विभेदलाई हटाउन मद्दत गर्दछ। एकातिर सामाजिक तथा आर्थिक रूपमा पिछडिएका वर्गहरूमा बालबालिकाको अग्रगतिशीलता (Upward Mobility) का लागि शिक्षाको आवश्यकता दिनप्रतिदिन बढ्दै गइरहेको छ भने अर्कातर्फ सम्पन्न वर्गले पनि शिक्षाविना समाजमा आफ्नो स्थान कायम राख्न असम्भव हुन्छ (Rogott, 1961)। त्यसैले आजको युगमा शिक्षाको विकासविना समाज र देशको विकास पनि प्राय: असम्भव मानिन्छ।

शिक्षाको अवसरलाई व्यापक बनाउनका लागि औपचारिक संस्थाको रूपमा स्कुल र कलेजको स्थापना हुनु आवश्यक मानिन्छ। हुन त शिक्षाको औपचारिक संस्थाको विकासको ऐतिहासिक पृष्ठभूमिलाई हेर्ने हो भने विश्वविद्यालयदेखि प्राथमिक विद्यालयसम्म शैक्षिक संस्थाको रहेको पाइन्छ (Khaniya, 2007)। सन् ४०० मा नालन्दा विश्वविद्यालय स्थापना भई सन् ११०० सम्म सञ्चालन भएको विवरण पाइन्छ भने सन् १०८८ मा बोलोग्ना (Bologna) विश्वविद्यालय स्थापना भएको र पछि बाह्रौं शताब्दीमा धेरै विश्वविद्यालय स्थापना भएको ऐतिहासिक तथ्य हाम्रो साम् विद्यमान छ (Daniel, 1998)।

इतिहासकालको सूचनाको अभावका कारण वास्तविक स्कुलको उद्गमको इतिहासबारे सही तथ्य यकिन गर्न गाह्रो भए पनि विश्व बैंकको पछिल्लो सूचना (२००५) लाई आधार मान्ने हो भने पन्ध्रौं शताब्दीतिर माध्यमिक स्कुलको स्थापना भएको अनुमान गरिएको छ। यसरी माध्यमिक स्कुलको आधारको रूपमा पछि आएर उन्नाइसौँ शताब्दीतिर मात्र प्राथमिक स्कुलको स्थापना भएको पाइन्छ (The world Bank, 2005)।

नेपालमा प्राचीनकालमा शिक्षाको सुरुआत अनौपचारिक ढङ्गबाट भएको थियो, जसमा गुम्बा, गुरुकुल, ऋषिकुल र पितृकुलको प्रमुख भूमिका रहँदै आएको थियो। पहिलो राणा प्रधानमन्त्री जङ्गबहादुरले बेलायतको भ्रमण गरेपश्चात् वि.सं. १९१० मा आफ्नै दरबार थापाथलीको भुँइतलामा पहिलो अङ्ग्रेजी स्कुलको स्थापना गरेका थिए जसलाई औपचारिक स्कुल स्थापनाको पहिलो खुड्किलो मान्न सकिन्छ। पछि राणा प्रधानमन्त्री वीरशमशेरले वि.स. १९४८ मा रानीपोखरीको पश्चिमपट्टि ठूलो भवन बनाई दरबार स्कुलको स्थापना गरेका थिए (डिनको कार्यालय, २०५४)। नेपालमा उच्च शिक्षा प्रदान गर्ने वि.सं. १९६९ भाद्र २७ मा त्रिभुवन चन्द्र कलेजको स्थापना भएको थियो जसलाई पछि त्रिचन्द्र कलेजबाट नामकरण गरियो तथा यसको कक्षा सञ्चालन चाहिँ वि.सं. १९७६ बाट भएको हो। यसको सम्बन्धन सुरुमा भारतको कलकत्ता विश्वविद्यालय र पछि पटना विश्वविद्यालयबाट प्राप्त भएको हो। त्यसपछि वि.सं. २०१६ मा उच्च शिक्षा प्रदान गर्ने पहिलो विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो। यसरी नेपालमा विद्यालय तथा उच्च शिक्षा प्रदान गर्ने शिक्षाको संस्थागत इतिहास धेरै लामो छैन।

विगतमा नेपालमा शिक्षालाई स्कुल शिक्षा (१-१० कक्षा) र उच्च शिक्षा (प्रवीणता प्रमाणपत्र तहभन्दा माथिको शिक्षा) गरी दुई तहमा विभाजन गरेको पाइन्छ तर पछि आएर उच्च माध्यमिक (१०+२) शिक्षालाई स्कुल शिक्षा भनिए तापनि यसलाई स्कुल शिक्षा र उच्च शिक्षा (विश्वविद्यालयीय शिक्षा) बीचको तहका रूपमा व्यवहार गरेको पाइन्छ। हाल आएर विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले स्कुल शिक्षाको संरचनाभित्र कक्षा १ देखि १२ सम्म समेट्न खोजेको पाइन्छ। नेपालको हालको शिक्षाको संरचनालाई निम्न तालिकामा देखाइएको छ।

## तालिका १: शिक्षाको संरचनाको तालिका

| क्र.सं. (S.N.) | खण्ड (Tiers) | तह (level) | उप-तह (Sub-level) | कक्षा (Class) | उमेर समूह (Age group) |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा (School education) | आधारभूत शिक्षा (Basis education) १-८ कक्षा | • आधारभूत स्कुल (Foundation Scholl) | १-३ | ५-७ |
| | | | • प्राथमिक स्कुल (Primary education | १-५ | ५-९ |
| | | माध्यमिक शिक्षा (Secondary education) (९-१२ कक्षा) | • उच्च प्राथमिक स्कुल (Upper Primary School | १-८ | ५-१२ |
| | | | • माध्यमिक स्कुल (Secondary School) | ९-१२ | १३-१६ |
| २ | उच्च शिक्षा (Higher education) | स्नातक ( Bachelor) | - | - | - |
| | | स्नातकोत्तर (Masters) | - | - | - |
| | | विद्यावारिधि (PH.D. ) | - | - | - |

*स्रोतः SSRP (2009-15) र अधिकारी, उच्च माध्यमिक शिक्षा परिषद्, २०६९ ।*

पहिले-पहिले विद्यालय शिक्षा (एस.एल.सी.) पश्चात्को शिक्षालाई उच्च शिक्षा भन्ने गरिन्थ्यो तर हाल विभिन्न देशहरूमा विद्यालय प्रणालीमा आएको सुधारका कारण विद्यालय शिक्षामा दुई कक्षा वा वर्ष थपी कक्षा १२ सम्मलाई विद्यालय शिक्षा र त्यसभन्दा माथिको शिक्षालाई उच्च शिक्षा भन्ने गरेको पाइन्छ। नेपालमा विद्यालय क्षेत्र सुधार योजनाले कक्षा ११ र १२ लाई विद्यालय शिक्षाअन्तर्गत राखे तापनि यसको कार्यान्वयन कसरी गर्ने भन्ने कुराको अन्यौल नै रहेको पाइन्छ। एकातिर कक्षा १२ सम्म विद्यालय शिक्षा मान्ने र अर्कातिर एस.एल.सी. कायमै भई ११ र १२ कक्षालाई उच्च माध्यमिक शिक्षाको संरचना यथावत् कायम गराइएकोले यसमा ठूलो अन्योल देखिएको छ।

## १.१ उच्च माध्यमिक शिक्षाको विकासको सन्दर्भ र अवस्था

सत्र-अठार वर्षसम्मका समूहका किशोरकिशोरीलाई विद्यालय शिक्षाभित्र समेट्ने उद्देश्यले संसारभरि नै कक्षा १२ सम्मको शिक्षालाई स्कुल शिक्षा भनिएको हो। नेपालमा सर्वप्रथम शाही उच्च शिक्षा आयोग, सन् १९८३ ले यस अवधारणालाई छलफलमा ल्याएको पाइन्छ। त्यसभन्दा पहिले राष्ट्रिय शिक्षा पद्धतिको योजना (NESP), १९७१ ले राखेको उच्च शिक्षाको गुणस्तर तथा कार्यदक्षता सम्बन्धी उद्देश्यको लेखाजोखा र पुनरावलोकन गर्ने सन्दर्भमा के महसुस गरिएको थियो भने १६-१७ वर्ष उमेर समूहका विद्यार्थीहरू आफूभन्दा उच्च तहको विद्यार्थीहरूको राजनीतिक प्रभावमा पर्ने भएका कारण एवम् उनीहरूमा अपेक्षित परिपक्वताको अभावका कारण उच्च शिक्षामा ह्रास आएको छ। जसले गर्दा त्यस्ता विद्यार्थीहरूलाई क्याम्पसको प्रवीणता प्रमाण पत्रको सट्टा एस.एल.सी. पछि स्कुलमै दुई वर्षको शिक्षा प्रदान गर्न आवश्यक हुन्छ। यसरी उक्त आयोगले नेपालको सम्पूर्ण शिक्षा प्रणालीको पुनरावलोकन गरी १० वर्षको स्कुल शिक्षामा २ वर्ष थपी स्कुल शिक्षा १२ वर्षको हुने भनी सिफारिस गरेको थियो। राष्ट्रिय पञ्चायतको अन्तिम सत्रले र त्यसपछि २०४६ सालको जनआन्दोलनपश्चात् बनेको संसदले वि.सं. २०४६ कार्तिक ११ मा 'उच्च माध्यमिक शिक्षा ऐन, २०४६' पारित गर्‍यो। उक्त ऐनको प्रस्तावनामा भनिएको थियो -

*"सर्वसधारण जनताको सदाचार, शिष्टता र नैतिकता कायम राख्न, ज्ञानविज्ञान, सीप आदि विभिन्न क्षेत्रमा विस्तार गर्दै लैजानका लागि जनसहभागिता परिचालन गरी गुणस्तरयुक्त माध्यमस्तरीय जनशक्तिको उत्पादन एवम् उच्च शिक्षा प्रवेशका निमित्त पूर्वाधारका रूपमा हाल प्रचलनमा रहेका दश वर्षे विद्यालय शिक्षामा दुई वर्षको एक शैक्षिक तह थप गरी उच्च माध्यमिक शिक्षाको सिर्जना गर्न र यस तहको शिक्षाको स्वरूप, स्तर, सञ्चालन र नियन्त्रणको समेत व्यवस्था गर्न वाञ्छनीय भएकाले तत्कालीन राजा विरेन्द्रवीरविक्रम शाहदेवबाट  राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनेको हो।"*

यसरी नेपालको शैक्षिक इतिहासको क्रमलाई हेर्ने हो भने त्यति बेला माध्यमिक शिक्षा र उच्च शिक्षाको पुलको रूपमा रहेको उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षाकै संरचनाभित्र राख्ने अन्तर्राष्ट्रिय प्रचलनलाई समेत आत्मसात् गरी "उच्च माध्यमिक शिक्षा ऐन, २०४६" को निर्माण भई उच्च माध्यमिक शिक्षा परिषद्को स्थापना भएको थियो। पछि यसलाई कार्यान्वयनमा ल्याउन २०४६ साल फागुनमा शिक्षा तथा संस्कृतिमन्त्रीको अध्यक्षतामा १३ सदस्यीय उच्च माध्यमिक शिक्षा परिषद्को गठन भएको थियो। तत्पश्चात त्यसै सालमा शिक्षा तथा संस्कृतिमन्त्रीकै अध्यक्षतामा एउटा उच्च माध्यमिक शिक्षा सभाको समेत गठन भएको थियो। परिषद्ले आफ्नो पाठ्यक्रम निर्माण गरी २०४९ सालबाट कक्षा ११-१२ को पठनपाठन सुरु गरेको पाइन्छ। यस क्रममा सर्वप्रथम ३८ वटा विद्यालयहरूलाई उच्च माध्यमिक शिक्षा पठनपाठन गर्ने स्वीकृति प्रदान गरेको पाइन्छ (उच्च माध्यमिक शिक्षा परिषद, २०६३)।

उच्च माध्यमिक शिक्षा परिषद् स्थापना भएको दुई दशकभन्दा बढी बितिसक्दा पनि यसले शैक्षिक प्रणालीभित्र ठोस संरचना प्राप्त गर्न नसक्नु आफैंमा दुर्भाग्यपूर्ण बनेको छ। ३८ वटा उच्च माध्यमिक विद्यालयको सञ्चालन गर्न स्वीकृति प्रदान गरी प्रारम्भ भएको उच्च माध्यमिक शिक्षा परिषद्ले हालसम्म ३३९२ मा थप १६९ गरी

जम्मा ३५६१ विद्यालय वा शैक्षिक संस्थाहरू सञ्चालन गर्न स्वीकृति प्रदान गरिसकेको छ (अधिकारी, २०६६)। यस सन्दर्भमा उच्च माध्यमिक शिक्षा परिषद्ले आफ्नै व्यवस्थापनमा विद्यालय सञ्चालन गर्न नपाइने प्रावधान अनुरूप यसले खालि विद्यालय सञ्चालन गर्न सम्बन्धन वा अनुमित दिने गरेको छ। परिषद्ले सम्बन्धनप्राप्त विद्यालय वा शैक्षिक संस्थाका शिक्षकहरूलाई समयसमयमा गोष्ठीको आयोजना गरी अभिमुखीकरण कार्यक्रम तथा अल्पकालीन तालिम प्रदान गर्दै आएको पाइन्छ। परिषद्अन्तर्गत विभिन्न शाखा तथा महाशाखाहरू जस्तै, प्रशासन महाशाखा, परीक्षा शाखा, योजना तथा मूल्याङ्कन महाशाखा, पाठ्यक्रम तथा तालिम महाशाखा र सम्बन्धन महाशाखा छन् जसले परिषद्को कार्यक्रमलाई सञ्चालन गर्न प्रत्यक्ष भूमिका खेलिरहेका हुन्छन्। परिषद्ले विराटनगर, हेटौंडा, काठमाडौं, पोखरा, बुटवल, नेपालगन्ज तथा धनगढीमा सम्पर्क कार्यालयहरू खोलेको छ जसले विभिन्न जिल्लाहरूको सेवा क्षेत्रका रूपमा काम गर्दै आएका छन्।

एक्काइसौं शताब्दीका चुनौतीहरूको सामना गर्न योग्य बनाउने देशका युवा-युवतीहरूलाई आवश्यक ज्ञान र सीप प्रदान गर्ने दृष्टिकोण लिएर स्थापना भएको उच्च माध्यमिक शिक्षा परिषद्ले मुख्यतया दुईवटा शैक्षिक उद्देश्यहरू अङ्गीकार गरेको छ। पहिलो, विद्यार्थीहरूलाई उत्पादनमुखी कार्यका निम्ति उपयुक्त माध्यमस्तरीय जनशक्तिको रूपमा विकास गर्ने र दोस्रो, विशिष्टीकृत उच्च शिक्षा हासिल गर्नेतर्फ उनीहरूलाई तयार पार्ने (उच्च माध्यमिक शिक्षा, प्रतिवेदन, २०६३)। यसका साथै यस किसिमको व्यवस्थाले स्थानीय स्तरमा आवश्यकता अनुसारको जनशक्ति विकासमा मद्दत पुऱ्याउने सोच पनि रहेको देखिन्छ। उच्च माध्यमिक शिक्षा परिषद्द्वारा सम्बन्धन प्राप्त विभिन्न शैक्षिक संस्थाहरूका प्रकृति, भिन्नाभिन्नै छन्। त्यस्ता संस्थाहरूमध्ये कुनै निजी रूपमा सञ्चालित छन् भने कुनै सामुदायिक रूपमा। त्यस्तै कुनै विद्यालयमा कक्षा ११ र १२ मात्र सञ्चालित छन् भने कुनै क्याम्पसमा यी कक्षाहरू सञ्चालित छन्। हालसम्म सम्बन्धन प्राप्त शैक्षिक संस्थाहरूको विकास क्षेत्र अनुसारका विद्यालय तथा शैक्षिक संस्थाहरू निम्नलिखित तालिकामा देखाइएको छ :

## तालिका २: विकास क्षेत्र अनुसार उच्च माध्यमिक विद्यालयहरू

| विकास क्षेत्र | सामुदायिक | निजी | +२ | क्याम्पस | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पूर्वाञ्चल | ५२४ | ९८ | ३१ | २२ | ६७५ | १९.९ |
| मध्यमाञ्चल | ७२६ | २७५ | १०९ | ७० | ११८० | ३४.८ |
| पश्चिमाञ्चल | ६४४ | १४४ | १९ | ३१ | ८२९ | २४.७ |
| मध्यपश्चिमाञ्चल | २८७ | ४२ | ५ | ५ | ३३९ | १०.० |
| सुदूरपश्चिमाञ्चल | ३१८ | ३० | ४ | ८ | ३६० | १०.६ |
| जम्मा | २४९९ | ५८९ | १६८ | १३६ | ३३८३ | १००.० |
| प्रतिशत | ७३.७ | १७.४ | ४.९ | ४.० | १००.० | |

*स्रोत: उच्च माध्यमिक विद्यालय, सम्प्रेषण अंक २ २, २०६६*

विकास क्षेत्र अनुसार उच्च माध्यमिक विद्यालयहरूको स्थितिको वितरणलाई हेर्ने हो भने सबभन्दा बढी अर्थात् ३४.८ प्रतिशत विद्यालयहरू मध्यमाञ्चल विकास क्षेत्रमा अवस्थित छन् जबकि सबभन्दा कम अर्थात् १०.०

विकास क्षेत्र अनुसार उच्च माध्यमिक विद्यालयहरू




उच्च माध्यमिक शिक्षा प्रदान गन शैक्षिक संस्थाहरू




प्रतिशत उच्च माध्यमिक विद्यालयहरू मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित छन्। माध्यमिक विद्यालय र जनसङ्ख्याको वितरणको स्थितिलाई ध्यानमा राख्दा यसको वितरण प्रणालीलाई स्वाभाविक नै मान्न सकिन्छ। तर चाखलाग्दो कुरा के छ भने ७३ प्रतिशतभन्दा बढी उच्च माध्यमिक विद्यालयहरू सामुदायिक छन् जबकि लगभग १७ प्रतिशत उच्च माध्यमिक विद्यालयहरू निजी स्वामित्वमा सञ्चालित छन्। त्यस्तै लगभग ५ प्रतिशत शैक्षिक संस्थाहरूले खालि कक्षा ११ र १२ मात्र सञ्चालन गरेका छन् र बाँकी ४ प्रतिशत कक्षाहरू क्याम्पसमा सञ्चालन भइरहेका छन्। यहाँ मनन गर्नुपर्ने कुरा के छ भने ७३ प्रतिशतभन्दा बढी उच्च माध्यमिक विद्यालय सामुदायिक विद्यालयका रूपमा सञ्चालन रहे तापनि कक्षा ११ र १२ को सञ्चालन प्राय:जसो निजी तथा सामुदायिक स्रोतमा मात्र आधारित रहेको देखिन्छ।

## १.२ सैद्धान्तिक अवधारणा र औचीत्य

नेपालमा उच्च माध्यमिक शिक्षा विद्यालय शिक्षा हो कि उच्च शिक्षा हो वा यो विद्यालय शिक्षा र उच्च शिक्षाको पुल हो भन्ने बहसको अन्त हुनुपर्छ। संसारको अन्य देशहरूको शिक्षाको संरचनामाथि ध्यान पऱ्याउने हो भने पनि यस बहसलाई निचोडमा पुऱ्याउनै पर्छ। यसका लागि उच्च शिक्षा के हो? वा यसको अवधारणा बुझ्नु आवश्यक देखिन्छ। हालको उच्च माध्यमिकमा अध्ययन गर्ने बालबालिकाहरू प्राय: १५ देखि १६ वर्ष उमेर समूहका हुन्छन् र यो उमेर समूह मानव विकास र मनोविज्ञानको दृष्टिले महत्वपूर्ण मानिन्छन्। किनभने यस्ता उमेर समूहका बालबालिकालाई एकातिर पूरै परिपक्व नै हो भन्ने भन्न सक्ने अवस्था हुन्छ भने अर्कोतिर यसलाई बालापनकै अवस्था हो भन्न सकिन्छ। यस्तो उमेर समूहलाई सङ्क्रमणकालको उमेर समूह पनि भनिन्छ। यस्ता उमेर समूहका

बालबालिकाको विषयमा सङ्काय (Faculty) को सोच विकसित नभई यसतिर उन्मुख मात्र भएको हुन्छ। यसकारणले गर्दा विद्यालयभित्रै माथिल्लो तहको शिक्षाको अवधारणा अनुरूप नै पहिलेको दश वर्षे स्कुल शिक्षामा दुई वर्ष वा दुई कक्षा थपी स्कुल शिक्षाकै अवधारणाको प्रचलनमा आएको देखिन्छ। यस अवधारणा अन्तर्गत नै नेपाल सरकारको विद्यालय क्षेत्र सुधार योजना (२००९-१५) ले १ देखि १२ कक्षासम्म स्कुल शिक्षा तथा ९ देखि १२ कक्षासम्म माध्यमिक शिक्षा हुने किटान गरिएको छ। त्यसैले १५ देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि मध्यमस्तर जनशक्ति तयार पार्ने उद्देश्यले स्कुल तहको माथिल्लो स्तरको शिक्षालाई उच्च माध्यमिक शिक्षा ऐनले उच्च माध्यमिक शिक्षा भनिएको थियो। हाल त्यसमा संरचनात्मक परिवर्तन गर्नुपर्ने कारणले गर्दा कक्षा ९ देखि १२ लाई माध्यमिक शिक्षा भनिएको हो।

शिक्षामा गुणस्तर कायम राख्न पनि उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षाको अङ्ग बनाउने तर्क अघि सारिएको छ। विद्यालय शिक्षामा दिने विषय अपुग भएका कारण विद्यालयमा गुणस्तरीय शिक्षा प्रभावित भएको छ। यसका साथै अन्तर्राष्ट्रिय स्तरमा पनि विद्यालय शिक्षाको संरचनामा परिवर्तन आएको छ र यसको समकक्षी हुनका लागि हाम्रा बालबालिकालाई प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न पनि स्कुल शिक्षामा दुई वर्ष थप्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ। त्यसैले समग्रमा भन्नुपर्दा विद्यालय शिक्षालाई सान्दर्भिक बनाई यसमा गुणस्तर कायम गर्नुपर्ने र अन्तर्राष्ट्रिय स्तरमा विद्यार्थीहरूको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्नुपर्ने कारण नेपालमा हालको उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षाको स्वरूपमा समायोजन गरिएको हो।

## २. अध्ययनको उद्देश्य

नेपालको उच्च माध्यमिक शिक्षाको विकासमा केही महत्वपूर्ण मुद्दा तथा चुनौतीहरू देखिएका छन्। त्यसैले समग्रमा यस्ता मुद्दा तथा चुनौतीहरूको विश्लेषण गरी यसमा नीतिगत सुधारहरू प्रस्तुत गर्ने यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ। यस अध्ययनका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

- नेपालमा उच्च माध्यमिक शिक्षाको विकासक्रम र वर्तमान अवस्थाको वर्णन गर्ने।
- उच्च माध्यमिक शिक्षाका प्रमुख मुद्दा तथा चुनौतीहरूको विश्लेषण गर्ने।
- उच्च माध्यमिक शिक्षाको विकासक्रममा देखिएका चुनौतीहरूको सामना गर्न नीतिगत सुझावहरू प्रस्तुत गर्ने।

## २.१ अध्ययन विधि तथा प्रणाली

यो अध्ययन मुख्यतया नेपालमा विद्यालय शिक्षा र हालको उच्च माध्यमिक शिक्षासँग सम्बन्धित नीतिगत डकुमेन्टहरूको विश्लेषणमा आधारित छ। यसका साथै विभिन्न सरोकारवालाहरूको छलफलबाट आएको टिप्पणी र सुझावलाई पनि यस अध्ययनमा स्थान दिइएको छ। यस क्रममा हाल नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा लागू विद्यायल क्षेत्र सुधार योजनाको पुनरावलोकन गरिएको थियो। यसै सन्दर्भमा उच्च माध्यमिकसँग सम्बन्धित अध्ययन प्रतिवेदनहरूको पनि

अध्ययन गरिएको थियो। यस क्रममा उच्च माध्यमिक शिक्षा परिषद् र शिक्षा मन्त्रालयमा कार्यरत उच्च माध्यमिक शिक्षासँग सम्बन्धित पदाधिकारीहरूसँग पनि छलफल गरिएको थियो।

यी सबैको अध्ययन र विश्लेषणका आधारमा कार्यपत्र तयार पारियो जसलाई स्याङ्जा, कास्की, इलाम र पाँचथर जिल्लाहरूमा जिल्लाका जिल्ला शिक्षा अधिकारी, उच्च माध्यमिक शिक्षाका प्राचार्य तथा शिक्षकहरू तथा व्यवस्थापन समितिका प्रतिनिधिहरूको सहभागिता र उपस्थितिमा उक्त कार्यपत्र प्रस्तुत गरिएको थियो। यस कार्यपत्रमा सहभागीहरूबाट व्यापक छलफल गराइएको थियो। छलफलमा उठेका महत्वपूर्ण सवालहरूलाई कार्यपत्रको अन्तिम रूप प्रदान गर्दा समेटिएको थियो। त्यसैले यो कार्यपत्रमा अध्ययन र छलफलबाट आएको महत्वपूर्ण पक्षहरू वा मुद्दा तथा चुनौतीहरूलाई समेट्न खोजिएको छ।

## ३. उच्च माध्यमिक शिक्षाका प्रमुख मुद्दा तथा चुनौतीहरूको विश्लेषण

नेपालमा उच्च माध्यमिक शिक्षाको विकासको इतिहास धेरै लामो नभए तापनि यसको माग र आवश्यकतामा वृद्धि भई लोकप्रियतातिर उन्मुख भइरहेको कुरामा कुनै विवाद छैन। यसै क्रममा त्रिभुवन विश्वविद्यालयले प्रवीणता प्रमाणपत्र तह पूर्ण रूपमा विस्थापन (Phase-out) गरी यसको विकास तथा विस्तारको मार्गमा आउने केही अप्ठ्यारा तथा अवरोधहरूलाई समाप्त गर्न धेरै हदसम्म सहयोग पुर्‍याएको देखिन्छ। यसबाट उच्च माध्यमिक शिक्षालाई पूर्ण रूपमा विद्यालय प्रणालीमा समाहित गर्न ठूलो अवसर मिलेको छ।

अन्तर्राष्ट्रिय स्तरमा विद्यालय प्रणालीमा आएको सुधार, विद्यालय शिक्षालाई सान्दर्भिक बनाउने प्रयास र विद्यालय शिक्षामा गुणस्तर कायम गर्नुपर्ने भएका कारण नेपालमा उच्च मध्यमिक शिक्षाको विकास अपरिहार्य बनेको छ। यसरी एकातिर यसको माग र आवश्यकतामा दिनप्रतिदिन अभिवृद्धि हुँदै गइरहेको छ भने अर्कातिर उच्च माध्यमिक शिक्षाको विकासमा विभिन्न मुद्दा (Issue) हरू पनि सँगसँगै विकसित भइरहेका छन् जसले गर्दा यसको विकास क्रममा विभिन्न चुनौतीहरू सिर्जना भएको देखिन्छ। यस सन्दर्भमा उच्च माध्यमिक शिक्षाको विकासमा देखिएका केही प्रमुख मुद्दा तथा चुनौतीहरूलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्ने प्रयास गरिएको छ :

### ३.१ समग्र विद्यालय शिक्षाको विकास

व्यवहारमा हाल उच्च माध्यमिक शिक्षाको स्तर न त विद्यालय शिक्षा जस्तो देखिन्छ न त उच्च शिक्षा जस्तो नै। नेपाल सरकारले नीतिगत तथा सैद्धान्तिक रूपमा उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षा प्रणाली अन्तर्गत समाहित गर्ने घोषणा गरे तापनि यसको कार्यान्वयको सही प्रारूप प्रस्तुत गर्न सकेको छैन। उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षामा समाहित गर्दा दुई फरक उद्देश्य राखेको शिक्षाको संरचना अन्तर्गत माध्यमिक शिक्षा र उच्च माध्यमिक शिक्षाको उद्देश्यलाई समायोजन गरी एकीकृत गर्ने ठूलो चुनौती रहेको छ। एकातिर कक्षा ११ र १२ मात्र सञ्चालन हुँदै आएको र अर्कातिर उच्च शिक्षाका विभिन्न तह सँगसँगै सञ्चालन भइरहेका कारण

यसलाई पूर्णतया विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकसित गर्ने दिशामा चुनौती थपिएको छ। त्यस्तै उच्च माध्यमिक शिक्षालाई सरकारको नीति बमोजिम माध्यमिक शिक्षामै समाहित गर्ने र उक्त तहका विद्यालयमा आफ्नै शिक्षकको व्यवस्था, शिक्षकको तालिम, शिक्षक छनोटका लागि सेवा आयोग जस्ता एकाइको व्यवस्था नगरी उच्च माध्यमिक शिक्षालाई समग्र विद्यालय प्रणालीमा परिणत गर्ने कुरा कोरा कल्पना मात्र हुन सक्छ। त्यसैले सरकारले यदि उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षा प्रणालीमा समाहित गर्ने हो भने यस प्रकारको चुनौतीको सामना गर्दै समाधानको दिशातिर अग्रसर हुनु आवश्यक देखिन्छ।

## ३.२ सम्बन्धन प्रणाली

उच्च माध्यमिक शिक्षा ऐन २०४६ अनुसार उच्च माध्यमिक शिक्षा परिषद्ले आफ्नै सञ्चालन र रेखदेखमा कुनै पनि विद्यालय सञ्चालन गर्न नपाइने प्रावधान राखेको छ। यसकारण उच्च माध्यमिक शिक्षा परिषद्ले कुनै व्यक्ति वा समुदायले सरकारी सहयोग वा अनुदानविना नै उच्च माध्यमिक शिक्षाका लागि कक्षा ११ र १२ सञ्चालन गर्न चाहन्छ भने निश्चित मापदण्डको आधारमा उसले कक्षा ११ र १२ सञ्चालन गर्न सम्बन्धनप्राप्त गर्न सक्छ। यहाँ निश्चित मापदण्ड भन्नाले योग्यता प्राप्त शिक्षकको उपलब्धता वा व्यवस्था, भौतिक सुविधाको पर्याप्ता, पुस्तकालयको व्यवस्था, सेवा क्षेत्रमा उपलब्ध विद्यार्थी सङ्ख्या, सम्भाव्य आर्थिक स्रोतको व्यवस्थापन आदिलाई बुझिन्छ। सम्बन्धन प्राप्त गर्न चाहने कतिपय ग्रामीण क्षेत्रका विद्यालयहरूले तत्कालै यस्ता मापदण्ड पूरा गर्ने कबुलियत कागजी रूपमा गरे पनि विद्यालय सञ्चालनमा आइसकेपछि यस्ता मापदण्ड वा सर्तहरू पूरा गर्नेतर्फ उनीहरूको सरोकार नै हुँदैन र प्राय: मापदण्ड अर्थहीन हुँदै जान्छ। उदाहरणका लागि उच्च माध्यमिक विद्यालय सञ्चालन गर्न शिक्षकको योग्यता कम्तीमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्छ। तर ग्रामीण भेकका धेरैजसो ठाउँमा स्नातक शैक्षिक योग्यता भएका शिक्षकहरूले नै कक्षा लिइरहेको वास्तविकता हाम्रो सामु प्रस्ट छ। यसबाट शिक्षाको गुणस्तर प्रभावित हुने प्राय: निश्चित छ। यसैले स्थानीय तहमै जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयले यसको कार्यान्वयनमा बलियो अनुगमन तथा मूल्याङ्कन गर्न सक्नुपर्दछ। साथै सम्बन्ध प्रदान गर्दा पनि यस्ता निकायको भूमिकालाई अपरिहार्य बनाउनुपर्दछ।

निजी स्रोतमा उच्च माध्यमिक शिक्षा सञ्चालनका लागि सम्बन्धनप्राप्त गर्ने शैक्षिक संस्थाहरू वा विद्यालयहरू या त जिल्लाको सदरमुकाम र यसका वरिपरि अवस्थित छन् वा जहाँ समुदाय आर्थिक रूपमा सक्षम हुन्छ त्यहाँ सञ्चालन भइरहेका छन्। यसबाट दुर्गम र ग्रामीण भेक जहाँ स्रोत व्यवस्थापन गर्न गाह्रो हुन्छ त्यस्ता ठाउँमा उच्च माध्यमिक यस्तो शिक्षाको पहुँचमा समस्या देखिएको छ। त्यसैले सरकारले यस्ता ठाउँका जनताका छोराछोरीहरूका लागि सर्वसुलभ रूपमा उच्च माध्यमिक शिक्षाको पहुँचमा अभिवृद्धि गर्न विद्यालयमा पूर्ण अनुदानको व्यवस्था गर्न सक्नुपर्दछ।

## ३.३ पाठ्यक्रम तथा पाठ्यपुस्तक

उच्च माध्यमिक शिक्षाको पाठ्यक्रमको संरचना निर्माण 'एकलपथ प्रणाली' मा आधारित छ जस अन्तर्गत अङ्ग्रेजी र नेपाली अनिवार्य विषय बाहेक विभिन्न वैकल्पिक (elective) विषयहरू राखिएका छन्। हाल

कक्षा ११ मा ५६ वटा र कक्षा १२ मा ७१ वटा विषयहरू निर्धारण गरिएका छन् (उच्च माध्यमिक परिषद् २०६६) । पाठ्यक्रममा निर्धारण गरिएका विभिन्न वैकल्पिक विषयहरूलाई आआफ्नो विधा र सङ्काय अनुसार समूहमा विभाजन गरी अध्यापन गराइन्छ यसले गर्दा नै उच्च माध्यमिक शिक्षा परिषद्को पाठ्यक्रममा पनि सङ्कायको झलक पाउन सकिन्छ ।

उच्च माध्यमिक शिक्षाको पाठ्यक्रम सैद्धान्तिक रूपमा बलियो मानिन्छ तथापि यसमा विद्यालयीय पाठ्यक्रममा हुनुपर्ने विशेषताहरू जस्तै पाठ्यक्रम र शिक्षणलाई समुदायसँग सम्बद्ध बनाउने , क्रियाकलापमुखी पाठ्यक्रमको निर्माण गर्ने विषयको प्रयोगात्मक पक्षमा ध्यान दिने तथा पाठ्यक्रममा स्थानीयतालाई महत्व दिने जस्ता कुराको अभावदेखि उच्च माध्यमिक शिक्षाको प्रभावको मूल्याङ्कन सम्बन्धी अध्ययनले पनि के देखाएको छ भने उच्च माध्यमिक शिक्षा परिषद्को पाठ्यक्रममा प्रयोगात्मक भन्दा सैद्धान्तिक पक्ष बढी भएकोले उच्च माध्यमिक तह उत्तीर्ण हुनेहरूमा विषयवस्तुको ज्ञान राम्रो भए पनि प्रयोगात्मक पक्षमा भने कम अनुभवी देखिएका छन् (HOPE, Nepal, 2006) । यसलाई सम्बोधन गर्न पाठ्यक्रम स्थानीयतालाई कम्तीमा २० देखि ३० प्रतिशतसम्मको पाठ्यभार छुट्याउन सक्नु पर्दछ जसले गर्दा स्थानीय अर्थतन्त्रको विकासमा पनि टेवा पुग्न सक्छ ( Khaniya, 2007)। नेपाल सरकारले विद्यालय शिक्षातर्फ माध्यमिक शिक्षा कक्षा ९-१२ मा समायोजन गर्ने उद्देश्य लिएको हुनाले तत्कालै कक्षा ९ देखि १२ सम्मको पाठ्यक्रमको पुनरावलोकन गरी त्यसको सह-सम्बधको औचित्यलाई स्थापित गर्न सक्नुपर्दछ ।

उच्च माध्यमिक शिक्षाका लागि पाठ्यपुस्तकको निर्माण र छनोटमा ठूलो विवाद देखिएको छ। बहु पाठ्यपुस्तक प्रणाली लागू गर्ने कि एकल पाठ्यपुस्तक प्रणाली लागू गर्ने भन्ने कुरा विवादको विषय रहेको छ । यसमा आआफ्नै तर्कहरू छन्। यसको बावजुद उच्च माध्यमिक शिक्षाले हालसम्म बहुपाठ्यपुस्तक प्रणाली अँगालेको पाइन्छ। बहुपाठ्यपुस्तक प्रणाली अन्तर्गत प्रतिस्पर्धाद्वारा गुणस्तरीय पाठ्यपुस्तक उत्पादन हुने कुरामा विशेष जोड दिइएको हुन्छ तर विडम्बना के छ भने नेपालमा स्वच्छ प्रतिस्पर्धाको आधारमा पाठ्यपुस्तक छनोट हुने प्रक्रिया स्थापित भएको पाइँदैन । पाठ्यपुस्तकहरू सम्बद्ध विषय समितिहरूबाट छनोट नभई पहुँचका आधारमा उच्च माध्यमिक शिक्षा परिषद्को पाठ्यक्रम तथा तालिम शाखाले नै गर्ने गरेको पाइन्छ। यसै गरी विश्वविद्यालयका कतिपय प्राध्यापकहरूले आफ्नो नामको प्रयोग गरी अनुभवहीन व्यक्तिबाट पाठ्यपुस्तको निर्माण गराउने प्रवृत्ति पनि कायमै छ। यसबाट गुणस्तर युक्त पाठ्यपुस्तक निर्माणमा ठूलो समस्या देखिएको छ। फेरि कक्षा १० सम्म निश्चित पाठ्यपुस्तकको आधारमा अध्ययन गरेका विद्यार्थीहरू कक्षा ११ मा एकभन्दा बढी पाठ्यपुस्तक पठनपाठन गर्नुपर्दा उनीहरू अन्योलमा हुन्छन्। यदि कक्षा ९ देखि १२ सम्मलाई एउटै संरचना अर्थात् माध्यमिक शिक्षा मान्ने हो प्रचलित पाठ्यपुस्तक प्रणालीमा सुधार ल्याउनुपर्ने देखिन्छ ।

## ३.४ योजना तथा अनुगमन

उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त विद्यालयहरूको विकास तथा त्यसको गुणस्तर अभिवृद्धि गर्न परिषद् अन्तर्गत योजना तथा अनुगमन महाशाखाको व्यवस्था गरिएको छ। सम्बन्धन प्राप्त विद्यालयहरूको बलियो

अनुगमन र मूल्याङ्कन गरी यस्ता विद्यालयहरूको आवश्यकताका आधारमा सहयोग प्रणालीको विकास गर्नुपर्ने हुन्छ। यसका लागि विद्यालयको सही सूचना तथा अवस्थाको जानकारी हुनु अति आवश्यक मानिन्छ। जबसम्म उच्च माध्यमिक शिक्षा परिषद्को योजना तथा अनुगमन शाखाले स्थानीय सरोकारवालाहरूसँगको सहयोगमा स्थानीय स्तरबाटै मूल्याङ्कन तथा अनुगमनको संयन्त्र विकास गर्न सकिदैन तबसम्म यसबाट अपेक्षित नतिजा हासिल गर्न गाह्रो हुन्छ। त्यसैले उच्च माध्यमिक शिक्षा परिषद्ले स्थानीय सरोकारवाला (जिल्ला शिक्षा कार्यालय, गाउँ तथा नगरविकास समिति) सँगको संयोजनमा योजना निर्माण गरी तिनको सही कार्यान्वयन गर्न सक्नुपर्छ।

## ३.५ गुणस्तरीय शिक्षा

नेपालमा एकातिर शिक्षामा परिमाणात्मक विस्तारतर्फको यात्रालाई सकारात्मक मान्न सकिन्छ भने अर्कातर्फ शिक्षामा गुणस्तर कायम गर्न ठूलो चुनौती देखिएको छ। शिक्षाको गुणस्तर सापेक्षिक शब्द हो। यसलाई सही रूपमा परिभाषित गर्न गाह्रो हुन्छ। तथापि कसैले शिक्षाको उद्देश्यका आधारमा गुणस्तरको मापदण्ड निर्धारण गर्दछ भने कसैले व्यक्ति तथा समाजमा त्यसको कस्तो प्रभाव पर्छ भन्ने कुराका आधारमा गुणस्तर शिक्षाको मापदण्ड निर्धारण गर्दछ। आजभोलि गुणस्तरीय शिक्षालाई शिक्षाग्राहीको सन्तुष्टिको स्तरका आधारमा हेर्ने गरेको पाइन्छ। तर यी सबै मापदण्ड वा सूचकहरूका आआफ्नै सीमाहरू छन्। त्यसैले विद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तरको कुरा गर्दा प्रभावकारी स्कुल वा गुणस्तरयुक्त स्कुल भन्ने बुझ्नुपर्छ। यस्तो स्कुलले प्रदान गर्ने शिक्षाको गुणस्तर कायम छ भन्ने कुरा मानिएको हुन्छ। त्यसैले एउटा गुणस्तर स्कुल अन्तर्गत प्रतिबद्ध तथा तालिम प्राप्त दक्ष शिक्षक, उच्च शिक्षण सिकाइ वातावरण, जीवनोपयोगी पाठ्यक्रम, सकारात्मक विद्यार्थी उपलब्धि, उपयुक्त शिक्षक विद्यार्थी अनुपात, सबल विद्यालय व्यवस्थापन समिति, उचित शैक्षिक सामग्रीको प्रयोग, पर्याप्त भौतिक सुविधा, विद्यालय सहयोग प्रणाली र समुदाय तथा विद्यालयको सुमधुर सम्बन्ध आदि पर्दछन् (Kushiyait, 2009)। त्यसैले उच्च माध्यमिक शिक्षाको गुणस्तरको कुरा गर्दा उपर्युक्त विशेषताहहरूकै आधारमै यहाँ चर्चा गर्ने प्रयास गरिएको छ।

- **शिक्षक**

  उच्च माध्यमिक शिक्षाको सबभन्दा ठूलो समस्या भनेको यसको आफ्नै पूर्णकालीन शिक्षक नहुनु हो। अधिकांश विद्यालय खासगरी सहरी क्षेत्रमा आंशिक शिक्षकबाट नै काम चलाएको पाइन्छ,। यस्ता शिक्षकलाई हेल्भेट शिक्षक वा दौडाहा शिक्षक भन्ने गरेको पनि पाइन्छ। पूर्णकालीन शिक्षक नहुनाका कारणबाट शिक्षकलाई तालिम प्रदान गर्न पनि गाह्रो हुन्छ, यसबाट सिकाइ वातावरणमा प्रत्यक्ष प्रभाव पर्न जान्छ जसले गर्दा शिक्षाको गुणस्तर प्रभावित हुने प्राय: निश्चित छ। नेपाल सरकारले शिक्षा मन्त्रालयले हालसालै हरेक विद्यालयमा दुई दरबन्दी बराबर शिक्षकको तलबका लागि अनुदान दिने व्यवस्था मिलाएको छ। तर अनुगमनको अभावको कारणबाट यसको उपयोग के कति भएको छ भन्ने कुरा यकिन गर्न गाह्रो छ। खास गरी ग्रामीण भेगमा कम योग्यता प्राप्त शिक्षकबाट पनि शिक्षण सिकाइ हुने गरेको वास्तविकताका कारण शिक्षाको गुणस्तर प्रभावित भइरहेको हुन्छ।

- **शिक्षण सिकाइ वातावरण**

धेरैजसो उच्च माध्यमिक विद्यालयहरूमा पाठ्यक्रमले निर्धारण गरेको शिक्षण सिकाइ विधिको प्रयोग विरलै पाइन्छ। एकातिर सृजनशील शिक्षकको अभावका कारण शिक्षण सिकाइ वातावरण निरस देख्न सकिन्छ भने तालिम नपाएका शिक्षकहरूको बहुल्यताले गर्दा निदानात्मक मूल्याङ्कनका आधारमा उपचारात्मक शिक्षणको प्रयोग गर्न असक्षम भएको पाइन्छ। कक्षाकोठामा बालमैत्री शिक्षण विधिको प्रयोग बिरलै पाइन्छ। पुरानो शिक्षण विधि र नोट लेखाउने र त्यसलाई कण्ठस्थ पार्न लगाउने प्रवृत्ति अधिकांश उच्च माध्यमिक विद्यालयहरूको पहिचान नै बनेको छ। त्यसैले उच्च माध्यमिक विद्यालयहरूमा पूर्णकालीन शिक्षकको दरबन्दीको व्यवस्था गरी तिनलाई तालिम प्रदान गर्नुपर्दछ र सो अनुरूप शिक्षण सिकाइको प्रयोग गर्नुपर्दछ। यसबाट शिक्षण सिकाइमा सकारात्मक सुधारतर्फ समयमै ध्यान पुऱ्याउन सकिन्छ।

- **व्यवस्थापन**

उच्च माध्यमिक विद्यालयहरूको व्यवस्था पक्षमा पनि प्रशस्त उतारचढाव देखापर्दछ। प्रायजसो ग्रामीण भेगमा उच्च माध्यमिक विद्यालयहरू माध्यमिक विद्यालयहरूकै व्यवस्थापन समिति अन्तर्गत सञ्चालित छन् भने कतिपयमा उच्च माध्यमिक विद्यालयका लागि अलग्गै व्यवस्थापन समितिको व्यवस्था गरिएको पाइन्छ। अझ विद्यालय प्रयोजनका लागि सञ्चालन नभएका शैक्षिक संस्था निजी रूपमै व्यवस्थापन गर्ने गरेको पाइन्छ। यसरी एएटै प्रवृत्तिको कार्यक्रम सञ्चालन गर्न पनि विभिन्न खालका व्यवस्थापन समिति रहने गरेका छन्। फेरि उच्च माध्यमिक विद्यालयमा कक्षा ११ र १२ सञ्चालन गर्दा खालि आर्थिक स्रोत परिचालनमा मात्र ध्यान केन्द्रित गरेको पाइन्छ र अन्य पक्ष माथि त्यतिको ध्यान पुऱ्याउन सकिराखेको देखिँदैन।

- **शिक्षक विद्यार्थी अनुपात**

प्रायजसो उच्च माध्यमिक विद्यालयहरू निजी स्रोतमा सञ्चालन हुने गरेका छन्। यस्तो अवस्थामा खासगरी सहरी क्षेत्रमा जहाँ विद्यार्थीको चाप बढी छ त्यहाँ कक्षामा अत्यधिक विद्यार्थीहरू राख्ने गरेको पाइन्छ। शिक्षामा भएको व्यापारीकरणका कारण पनि बढी विद्यार्थी एउटै कक्षामा राखेर नाफा कमाउने चलन बढी पाइन्छ। यसरी शैक्षिक संस्थाहरूमा विद्यार्थी शिक्षक अनुपात ज्यादै बढी हुने गरेको देखिन्छ। यसले शिक्षण सिकाइमा बालमैत्री विधिको प्रयोग गर्न पनि गाह्रो हुन्छ। यस्तो अवस्थामा या त शिक्षक विद्यार्थी अनुपात उपयुक्त हुनुपर्दछ या शिक्षण सिकाइ सकारात्मक सोच ( Critical thinking) जस्तो प्रवधिको प्रयोग गर्न सक्नुपर्दछ जुन कुराको अभाव उच्च माध्यमिक शिक्षमा देख्न सकिन्छ।

- **परीक्षा**

विद्यार्थीहरूको उपलब्धि मापन गर्ने महत्वपूर्ण माध्यम परीक्षा हो। उच्च माध्यमिक विद्यालयहरूले शिक्षण सिकाइको अभिभारा बोके पनि यसको अन्तिम परीक्षा चाहिँ उच्च माध्यमिक शिक्षा परिषद्को परीक्षा शाखाले लिने गरेको छ। यसलाई केन्द्रीकृत मूल्याङ्कन प्रणाली भन्ने गरिन्छ। हालसालै कक्षा ११ को परीक्षामा ३८ प्रतिशत र कक्षा १२ को परीक्षामा ४१ प्रतशित विद्यार्थीहरू उत्तीर्ण भएको तथ्याङ्क हाम्रो सामु छ। यसो हुनुमा

विभिन्न तर्कहरू प्रस्तुत हुने गरेका छन्। जस्तै माध्यमिक विद्यालय कक्षा ९ र १० तथा उच्च माध्यमिक विद्यालयको पाठ्यक्रमको स्तरमा ठूलो खाडल वा भिन्नता पाइन्छ त्यस्तै विद्यार्थीहरूको संख्या वृद्धि भए पनि भौतिक तथा शैक्षिक पूर्वधारमा खासै वृद्धि भएको देखिँदैन। साथै पाठ्यक्रमको उद्देश्य अनुरूप शिक्षण सिकाइ पनि प्रभावकारी ढङ्गबाट हुन सकेको छैन (कान्तिपुर, २०६७)। यिनलाई आन्तरिक कारण भन्न सकिन्छ तर व्यवहारमा परीक्षा प्रणाली पनि आफैमा त्रुटिपूर्ण छ भन्ने कुरालाई पनि हामीले अवशय मनन गर्नुपर्छ। हालको परीक्षाको व्यवस्थापकिय पक्षहरूमा कमजोरीहरू देखिएका छन्। धेरै संख्यामा परिक्षर्थीहरूको परिक्षाफल अनुपस्थित देखाइएको कुरा पनि सुन्ना आएको छ।

## ३.६ समावेशी शिक्षा

समावेशी शिक्षा भनेको गरिब र सामाजिक विभेदमा परेका जात, वर्ग, समुदाय भाषिक रूपमा अल्पसंख्यकहरू तथा शारीरिक रुपमा असन्तुलितहरूलाई उच्च माध्यमिक शिक्षामा समतामूलक पहुँच र अवसर प्रदान गर्नुपर्ने कतिपय जातजाति, सुमदायका मानिसहरू जो आर्थिक र सामाजिक हिसाबले बहिष्कृत तुल्य छन् उनीहरूलाई उच्च माध्यमिक शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ। सरकारले यस्ता समूहतर्फ पहिचान गरी शिक्षाको सम्पूर्ण खर्च बेहोर्न छात्रवृत्ति तथा उत्प्रेरणामूलक कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ। यसले बहिष्कृत समुदायका बालबालिकाहरूका लागि उच्च माध्यमिक विद्यालय आफैमा पर्खालको रूपमा छेकबार बन्नु हुँदैन (कुशियैत, २०६४)।

## ३.७ आर्थिक पक्ष तथा वित्तीय व्यवस्था

सरकाले उच्च माध्यमिक शिक्षालाई विद्यालयीय शिक्षामा लैजाने प्रतिबद्धता देखाए तापनि यस्तो शिक्षामा आर्थिक दायित्वबाट भने पन्छिरहेको देखिन्छ। यो कार्यक्रम निजी तथा सामुदायिक स्रोतबाट नै चलोस् भन्ने चाहना सरकारले राखेको देखिन्छ। खालि दुई दरबन्दीबराबर शिक्षकको तलबका लागि प्रतिविद्यालय अनुदान दिने नीतिगत व्यवस्था गरेको पाइन्छ। त्यसैले एकातिर उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षामा समाहित गर्ने र अर्कातर्फ विद्यालयीय शिक्षा सञ्चालन गर्न आवश्यक आर्थिक स्रोतको व्यवस्थापनबाट पन्छिने प्रवृत्तिबाट विद्यालय शिक्षा विस्थापित हुने ठूलो चुनौती देखिन्छ। यसै सन्दर्भमा उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदनले उच्च माध्यमिक शिक्षामा सरकारले कुल बजेटको ४ प्रतिशत लगानी गर्न पर्ने सुझाव आए तापनि अहिलेसम्म सरकारले ०.५६ प्रतिशत भन्दा बढी लगानी गरेको छैन ( Hope Nepal, 2006) .

विद्यार्थीबाट उठेको शुल्क मात्र विद्यालयको नियमित आयस्रोत भएकोले विद्यार्थी संख्या सीमित हुने ग्रामीण क्षेत्रका विद्यालयहरू यसबाट निकै प्रभावित देखिन्छन्। अथवा उनीहरूको अवस्था चिन्ताजनक छ र शुल्कका दृष्टिले पनि उच्च माध्यमिक विद्यालयमा विभेद रहेको पाइन्छ। सहरी क्षेत्रमा खुलेका कतिपय विद्यालयले पठनपाठनमा दिने सुविधा भन्दा अत्यधिक शुल्क उठाउने गरेको र ग्रामीण र दुर्गम क्षेत्रमा खुलेका विद्यालयहरूले पठनपाठनको

न्यूनतम सेवा सुविधा उपलब्ध गराए पनि शुल्कको भार बढाउन नसक्ने स्थिति छ। यस किसिमको विसङ्गतिले शैक्षिक गुणस्तरका साथै सामाजिक न्यायको प्रभावलाई समेत चुनौती दिइरहेको देखिन्छ (खनिया र अन्य २०५३)।

सरकारले उच्च माध्यमिक शिक्षातर्फ दिने न्यूनतम आर्थिक अनुदान विद्यार्थीको भर्ना संख्या, सुगमता, दुर्गमता, विषयहरूको विविधता तथा शैक्षिक उपलब्धिको आधारमा वितरण नगरी अविभेदक ढङ्गले बराबरीका आधारमा उपलब्ध गराएकोले यसबाट समतामूलक विद्यालयहरूको विकासमा ठूलो अवरोध उत्पन्न हुने देखिन्छ। त्यस्तै अति पिछडिएका ग्रामीण भेगका विद्यालयहरूमा सरकारी अनुदानमा वृद्धि गर्नुपर्छ जसबाट योग्यता प्राप्त शिक्षक र अन्य शैक्षिक तथा भौतिक सुधिवा जुटाउनमा सहयोग पुग्न सकोस् र समग्रमा शिक्षाको गुणस्तरमा ह्रास सिर्जना गर्ने परिस्थितिलाई समाप्त पार्ने कुरामा मद्दत पुग्न सकोस्।

नेपालकोा शिक्षामा वित्तीय व्यवस्थाको अर्को सबभन्दा ठूलो कमजोर पक्ष के हो भने आयस्रोतको धेरैजसो भाग शिक्षक कर्मचारीको तलब भत्ता कार्यमै खर्च हुने गरेको छ शैक्षिक र विद्यालयको विकासात्मक कार्यमा हुने गरेको खर्च ज्यादै कम पाइन्छ र यसबाट गुणस्तरीय शिक्षा प्रभावित हुन्छ। त्यसैले शिक्षामा वित्तीय व्यवस्थापन गर्दा शैक्षिक तथा प्राज्ञिक विकासमाथि जोड दिनु आवश्यक देखिन्छ।

## ३.८ शिक्षामा दलीय प्रभुत्व

शिक्षा र राजनीतिमा अन्योन्याश्रित सम्बन्ध हुन्छ। सही राजनीतिले शिक्षाको विकासमा योगदान पुऱ्याउने कुरामा दुई मत छैन। तर नेपालमा खासगरी केही वर्षयता सम्पूर्ण शैक्षिक क्षेत्र दलीय राजनैतिक स्वार्थ पूरा गर्ने प्रमुख थलो बनेको छ यसले समग्रमा उच्च माध्यमिक शिक्षाको विकासमा टेवा पुऱ्याउनुको सट्टा द्वन्द्व सिर्जना हुने र सही दिशा निर्देश गर्नमा तगारो उत्पन्न हुने स्थिति सिर्जना भएको छ। यसैले मुलुकका राजनैतिक दलहरू र विभिन्न सरोकारवालाहरूले यस कुरातर्फ समयमै चिन्तन मनन गर्न सक्नु पर्छ।

## ३.९ नीतिगत जटिलता

सरकारले सरोकारवाला र स्थानियस्तरमा छलफल नगरिकनै नीति निर्माण गर्ने र उक्त नीति पनि कार्यन्वयन गराउन नसक्ने कारण यस्तो शिक्षा अन्यौलग्रस्त देखिएको हो। यसको ज्वलन्त उदाहरण विद्यालय क्षेत्र सुधार योजना कार्यन्वयनको तीनवर्ष वितिसक्दा पनि उच्च माध्यमिक शिक्षालाई माध्यमिक शिक्षाको संरचना भित्र ल्याउन नसकेको हो। हुनत: सरकार परिवर्तन र राजनैतिक अस्थिरताले पनि यसको कार्यान्वयनमा नकारात्मक भूमिका नखेलेको होइनन् तथापी यस क्षेत्रको विकासमा देखिएको उदासिनताले समग्र शिक्षा प्रणाली नै प्रभावित भएको स्थिति छ।

## ४. समग्र निचोड

हाल विद्यालय प्रणालीमा आएका सुधारका कारण विद्यालय तहमा दुई कक्षा वा वर्ष थप गरी दिइने शिक्षा उच्च माध्यमिक शिक्षा हो। नेपाल सरकारले विद्यालय क्षेत्र सुधार योजना (२००९-१५) लागु गरेपछि हालको उच्च

माध्यमिक शिक्षालाई विद्यलय तहमै कक्षा ११ र १२ लाई समायोजन गर्ने नीति अवलम्वन गर्न खोजेको छ। माध्यमिक शिक्षालाई कक्षा ९-१२ सम्मको शिक्षा भनिएको छ। तर यो संरचना अझै कार्यान्वयनमा आईनसकेका कारण एस.एल.सी. पछि दुईवर्षको शिक्षा नै उच्च माध्यमिक शिक्षा हो। त्यसैले हाल कार्यन्वयनकै स्थितिमा रहेको उच्च माध्यमिक शिक्षाको विकासक्रममा देखिएका विभिन्न मुद्दा तथा चुनौतीहरूको निचोडलाई बुदागत रुपमा निम्नलिखित रुपमा प्रस्तुत गरिएको छ।

- तत्कालीन पञ्चायती व्यवस्था अर्न्तगत राष्ट्रिय पञ्चायतको अन्तिम सत्रले दशवर्षको विद्यालय शिक्षामा दुईवर्ष थपी विद्यालय शिक्षा बाह्रवर्षको हुने भनी सिफारिस गरिएको थियो। तथापि २०४६ सालको जनआन्दोलन पश्चात् बनेको संसदले २०४६ कार्तिक ११ मा उच्च माध्यमिक शिक्षा ऐन पारित गरेको थियो। तर यसको पठनपाठन चाँही वि.स. २०४९ बाट भएको देखिन्छ।
- विद्यार्थीहरूलाई उत्पादनमुखी कार्यका निम्ती उपयुक्त मध्यमस्तर जनशक्ति तयार पार्ने तथा उच्च शिक्षा हासिल गर्न विशिष्टीकृत रुपमा तयार पार्ने उद्देश्य बमोजीम उच्च माध्यमिक शिक्षाले शुरुमा ३८ ओटा उच्च माध्यमिक विद्यालय संचालन गर्न अनुमति दिए पश्चात् हाल आएर यसको संख्या ३५६१ पुगेको छ।
- नेपाल सरकारले नीतिगत र सैद्धान्तिक रुपमा उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षा प्रणालीमा समाहित गर्ने कार्ययोजना बनाए पनि यसको कार्यन्वयनको सही प्रारुप प्रस्तुत गर्न सकेको छैन। यसका लागि शिक्षकको व्यवस्था, शिक्षक तालिम, शिक्षक छनोटका लागि शिक्षक सेवा आयोग जस्ता एकाईको व्यवस्था नगरी उच्च माध्यमिकलाई माध्यमिक शिक्षामा परिणत गर्न गाह्रो हुन्छ।
- सम्बन्धनका लागि सम्भाव्यता अध्ययन तथा स्थलगत निरिक्षण खालि प्रकृयाका लागि मात्र भएका छन्। यसमा समय सापेक्षरुपमा सुधार ल्याउनु पर्छ। यसको प्रभावकारितका लागि बलियो अनुगमन र मूल्यांकन आवश्यक देखिन्छन्। अझ कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षाको स्वरुपमा परिवर्तन गर्दा आवश्यकता र क्षमताको आधारमा विद्यालय समायोजन प्रकृयालाई अगाडि बढाउनुपर्छ।
- दुर्गम र ग्रामिण भेगका उच्च माध्यमिक शिक्षामा सर्वसाधारणको पहुँचमा वृद्धि गर्न सरकारले यस्ता विद्यालयमा पूर्ण तथा विशेष अनुदानको व्यवस्था गर्नुपर्ने देखिन्छ।
- हालको उच्च माध्यमिक शिक्षाको पाठ्यक्रम सैद्धान्तिक रुपमा बलियो भनिएता पनि यसमा सुधारको आवश्यकता देखिएको छ। यसमा कृयाकलापमुखी पाठ्क्रम निर्माण गर्ने, विषयको प्रयोगात्मक पक्षलाई ध्यान दिने र पाठ्यक्रममा स्थानियतालाई महत्व दिने जस्ता कुराको अभाव देखिएको छ। अझ विद्यालय शिक्षातर्फ माध्यमिक शिक्षा कक्षा ९ देखि १२ मा समायोजन गर्दा तत्कालै कक्षा ९ देखि १२ सम्मको पाठ्यक्रमको पुनरावलोकन गरी त्यसको सहसम्वन्धको औचित्यलाई स्थापित गर्नुपर्छ। यसक्रममा यस शिक्षालाई उच्च विशिष्टिकृत रुपमा तयार गर्नुभन्दा पनि विशिष्टिकृत उन्मुख बनाउनु पर्ने देखिन्छ।
- उच्च माध्यमिक शिक्षाका लागि पाठ्यपुस्तक निर्माण र छनोटमा एकल पाठ्यपुस्तक वा बहु पाठ्यपुस्तक प्रणाली लागु गर्ने ठुलो विवाद देखिएको छ। अझ स्वच्छ प्रतिस्पर्धाका आधारमा पाठ्यपुस्तक छनोट हुने प्रकृया स्थापित भएको पाइएको छैन। यसमा एकरुपता ल्याउन जरुरी छ। यसले शिक्षाको गुणस्तरलाई प्रभावित पारेको छ।

- उच्च माध्यमिक शिक्षामा योजना तथा अनुगमन प्रणाली निकै फितलो देखिएको छ। स्थानिय र सरोकारवालाहरूसँगको सहयोगमा स्थानिय स्तरबाटै मूल्यांकन तथा अनुगमनको संयन्त्र विकास गर्न सक्नुपर्ने देखिन्छ।
- गुणस्तरिय शिक्षालाई सर्वसुलभ बनाउनु पर्छ। शिक्षाको गुणस्तरको कुरा गर्दा प्रभावकारी वा गुणस्तर स्कुलको अवधारणा लिने गरेको पाइन्छ। किनभने गुणस्तरीय स्कुलले दिने शिक्षा गुणस्तरीय हुन्छ भन्ने कुरा मानिएको हुन्छ।
- प्रायजसो उच्च माध्यमिक शिक्षामा खासगरि ग्रामिण र दुर्गम भेगका विद्यालयहरूमा योग्य र दक्ष शिक्षकको अभावका कारण शिक्षण सिकाई वातावराण निरश देखिएको छ। यस्तो शिक्षामा निदानात्मक मूल्यांकनका आधारमा उपचारात्मक शिक्षण विधिको प्रयोग, कक्षा कोठामा बालमैत्री शिक्षण विधिको प्रयोगको अभाव देखिएको छ। पुरानो शिक्षण विधि, नोट लेखाउने प्रवृत्ति र त्यसलाई कण्ठस्थ गर्न लगाउने प्रवृत्ति व्यापक मात्रामा पाइएको छ। यसबाट शिक्षामा सहनशीलताको अभाव उत्पन्न हुन्छ।
- उच्च माध्यमिक कक्षा संचालन गर्दा आर्थिक स्रोतका अभावका कारण व्यवस्थापन पक्षालाई खालि आर्थिक स्रोत परिचालनतिर मात्र ध्यान केन्द्रित भएको पाइन्छ। शैक्षिक र अन्य पक्ष माथि त्यतिको ध्यान पुर्‍याउन नसकेको अवस्था छ।
- एक अध्ययन अनुसार उच्च माध्यमिक शिक्षामा सरकारले अहिले सम्म कुल बजेटको ०.५६ प्रतिशत मात्र लगानी गरेको पाइन्छ। जबकी यसलाई आर्थिक रुपमा सक्षम बनाउन र संचालन गर्न कुल बजेटको लगभग ४ प्रतिशत वा सोभन्दा बढी लगानी गर्नुपर्ने देखिन्छ।
- उच्च माध्यमिक शिक्षामा एकातिर केन्द्रिकृत मूल्यांकन प्रणाली छ भने अर्कोतिर हालको परीक्षामा व्यवस्थापकिय पक्ष कमजोर छ। परीक्षा दिएका प्रशस्त विद्यार्थीहरूको अन्तिम नतिजामा अनुपस्थिति देखिएको छ। यसको जवाफदेहितामा ठुलो प्रश्न उठेको छ।
- उच्च माध्यमिक शिक्षाको कक्षाहरूमा शिक्षक विद्यार्थी अनुपात अमिल्दो छ। खासगरि शहरी क्षेत्रको विद्यालयहरूमा यो अनुपात बढी छ भने ग्रामिण क्षेत्रमा यसको अनुपात कम नै रहेको देखिन्छ।
- उच्च माध्यमिक शिक्षा समावेशिताको हिसावले कमजोर देखिएको छ। गरिब र सामाजिक विभेदमा परेका जात, वर्ग, समुदाय र भाषिक रुपमा अल्पसंख्यकका लागि यसमा समतामूलक पहुँचको अभाव देखिएको छ।
- सरकारले यस्तो शिक्षामा आर्थिक दायित्व बाट पन्छिरहेको देखिन्छ। अझै यस्तो शिक्षा निजी र सामुदायिक स्रोतबाट नै चलोस् भन्ने चाहना राखेको देखिन्छ। खाली प्रत्येक विद्यालयमा दुई शिक्षक दरबन्दिको बराबरको अनुदान दिएर प्रति विद्यालय अनुदान नीतिको व्यवस्था गरेको पाइन्छ। सामाजिक न्यायको दृष्टिकोणबाट पनि यो नीति उपयुक्त देखिदैन।
- सरकारले उच्च माध्यमिक शिक्षालाई माध्यमिक शिक्षामा रुपान्तरण गर्ने नीतिको तिन वर्ष बितिसक्दा पनि यसलाई कार्यान्वयन गर्न सकेको छैन।

## ५. निष्कर्ष

उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षामा समाहित गर्नु आजको प्रमुख चुनौती हो । अन्तर्राष्ट्रिय स्तरमा विद्यालय प्रणालीमा आएको सुधार, विद्यालय शिक्षालाई सान्दर्भिक बनाउने प्रयास र शिक्षामा गुणस्तर कायम गर्नु पर्ने भएकाले पनि उच्च माध्यमिक शिक्षामा संरचनात्मक परिवर्तनको खाचो महसुस गरिएको छ। यस क्रममा यसले ठूलो चुनौती तथा समस्याको सामना गर्नु परेको छ । सर्वप्रथम उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षामा समाहित गर्न दुई फरक उद्देश्य राखेको शिक्षाको संरचनाअन्तर्गत माध्यमिक शिक्षा र उच्च माध्यमिक शिक्षाको उद्देश्यलाई पनि एकीकृत गर्ने चुनौती देखिएको छ नेपाल सरकारले नीतिगत तथा सैद्धान्तिक रुपमा उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षामा समाहित गर्ने घोषणा गरे तापनि यसको कार्यान्वयन गर्ने सही कार्यक्रम तथा योजनाको अभाव देखिएको छ। एकातिर सम्बधन दिँदा अपनाइएका सर्तहरू पूरा भए वा भएनन् जस्ता कुराको अनुगमन तथा मूल्याङ्कनमा पूर्ण रुपमा ध्यान पुऱ्याउन नसकेको अवस्था छ भने अर्कोतर्फ विद्यालय सम्बन्धनमा सम्बन्धित स्थानीय निकाय र सरोकारवालाहरूको संलग्नता र भूमिकालाई त्यति महत्व नदिएको देखिन्छ । त्यसैले सम्बन्धन कार्यमा यस्ता निकायको भूमिकालाई अपरिहार्य बनाउनु पर्ने आवश्यकता छ ।

उच्च माध्यमिक शिक्षाका पाठ्यक्रममा सैद्धान्तिक पक्ष बलियो देखिएको छ । तर पनि यसमा व्यावहारिक तथा प्रयोगात्मक पक्षको चाहिँ अभाव महसुस गरिएको छ साथै पाठ्यक्रममा स्थानीयतालाई त्यति महत्व दिन नसकेकोमा यसतर्फ समयमै ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। हाल उच्च माध्यमिक शिक्षा बहु पाठ्यपुस्तक प्रणालीमा आधारित छ भने माध्यमिक शिक्षा एकल पाठ्यपुस्तक प्रणालीमा आधारित छ । त्यसैले उच्च माध्यमिक शिक्षालाई माध्यमिक शिक्षामा समाहित गर्दा पाठ्यपुस्तकको निर्माण र कार्यान्वयनमा कस्तो प्रणाली अवलम्बन गर्ने भन्ने ठूलो द्विविधा रहेको छ। कक्षा ८- १२ सम्मलाई एउटै संरचना अन्तर्गत माध्यमिक शिक्षा मान्दा प्रचलित पाठ्यपुस्तक प्रणालीमा सुधार ल्याउनु पर्ने देखिन्छ ।

उच्च माध्यमिक शिक्षा अन्तर्गत योजना तथा अनुगमन प्रणालीमा सुधार ल्याउन स्थानीय सरोकारवालाहरूसँगको सहयोगमा स्थानीय स्तरबाट नै मूल्याङ्कन र अनुगमनको संयन्त्र निर्माण गर्न सक्नु पर्छ। साथै योजना निर्माणमा पनि स्थानीय सरोकारवाला , जिल्ला शिक्षा कार्यालय, गाउँ तथा नगर विकास समितिको संयोजनमा योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्छ । गुणस्तर विद्यालय गुणस्तर शिक्षाको महत्वपूर्ण कडी हो । यसअन्तर्गत प्रतिबद्ध तथा तालिम प्राप्त दक्ष शिक्षक, उच्च शिक्षण सिकाइ वातावरण, बालमैत्री शिक्षण विधिको प्रयोग, जीवनोपयोगी पाठ्यक्रम , सकारात्मक विद्यार्थी उपलब्धि, उपयुक्त शिक्षक विद्यार्थी अनुपात , सबल विद्यालय व्यवस्थापन समिति, उचित शैक्षिक सामग्रीहरूको प्रयोग, पर्याप्त भौतिक सुविधा, विद्यालय शिक्षक विद्यार्थी सहयोग प्रणाली तथा समुदाय तथा विद्यालयको सुमधुर सम्बन्ध पर्दछन् ।

सामाजिक विभेदमा परेका जात जाति, समुदाय, भाषिक रुपमा अल्पसङ्ख्यकहरू तथा शारीरिक रुपमा असन्तुलितहरूलाई उच्च माध्यमिक शिक्षामा समतामूलक पहुँच र अवसर प्रदान गर्ने तर्फ सरकारको विशेष

ध्यान जानुपर्ने देखिन्छ। उच्च माध्यमिक शिक्षालाई दलीय प्रभावबाट जोगाई यसको संस्थागत विकासमा आउने अवरोधलाई हटाउन समेत पहल गर्न सक्नुपर्दछ। उच्च माध्यमिक शिक्षामा वित्त व्यवस्था अन्तर्गत हालको अनुदान प्रणाली र वित्तीय व्यवस्थापनमा ठूलो सुधारको खाँखो महसुस गरिएको छ।

## ६. नीतिगत सुझाव

उच्च माध्यमिक शिक्षा हाल अन्यौलको अवस्थाबाट गुज्रिरहेको छ। सरकार एकातीर यस्तो शिक्षामा संरचनात्मक रुपान्तरण ल्याउन हालको उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षा अर्न्तगत कक्षा ८ देखि १२ सम्म माध्यमिक शिक्षा नीति तर्जुमा गरेपनि यसको कार्यान्वयन हुन नसकेको अवस्था छ। यस सन्दर्भमा यस्तो शिक्षाका विभिन्न पक्षहरूसँग सरोकार राख्नेका लागि छुट्टा छुट्टै नीतिगत सुझावहरूलाई तल निम्नलिखित रुपमा प्रस्तुत गरिएको छ।

### ६.१ सरकार/शिक्षा मन्त्रालयका लागि

- हाल संचालन भईरहेको उच्च माध्यमिक शिक्षालाई सरकारले विद्यालय क्षेत्र सुधार योजना अनुरुप विद्यालय शिक्षामा रुपान्तरण गर्नका लागि ठोस प्रारुप तयार गर्नुपर्दछ जसमा आर्थीक दायित्व पूर्ण रुपमा बहन गर्नुपर्छ। यसो गर्दा सम्पूर्ण विद्यालयहरूमा एकैपल्ट आर्थीक दायित्व बेहोर्न नसके पनि एउटा निश्चित मापदण्डका आधारमा हाल भईरहेको दुई शिक्षकको दरबन्दिको अनुदान भन्दा पनि शिक्षक व्यवस्थापनको अवधारणाबाट यसको दायित्व बहन गर्नुपर्छ।
- ग्रामिण र दुर्गम भेगको उच्च माध्यमिक शिक्षामा गरीब कमजोर विद्यार्थीका लागि सर्वसुलभ रुपमा पहुँचमा अभिवृद्धि गर्न सरकारले यस्ता विद्यालयहरूमा विशेष अनुदानको व्यवस्था गर्नसक्नु पर्दछ।
- उच्च माध्यमिक शिक्षालाई संकायको रुपमा विकसित नगरी संकायोन्मुख बनाउन सक्नु पर्दछ। यसका लागि यसको पाठ्यक्रमको पुनरावलोकन गरी त्यसको सहसम्बन्धको औचित्यलाई पुष्टि गर्न सक्नुपर्दछ। यसमा स्कुलमा हुने अनिवार्य विषयहरूलाई प्राथमिकतामा राख्दै कक्षा ११ मा अलि कम विशिष्टिकरण र कक्षा १२ मा विशिष्टिकृत रुपमा बढी वैकल्पिक विषयहरूको व्यवस्था गर्नुपर्छ।
- यस्ता शिक्षामा बहु पाठ्पुस्तक लागु गरेता पनि पाठ्यपुस्तक छनोट प्रकृया पारदर्शि र संस्थागत हुनुपर्दछ। हालको उच्च माध्यमिक शिक्षापिच पाठ्यपुस्तक छनोट प्रकृया पारदर्शि र संस्थागत हुनुपर्दछ। हालको उच्च माध्यमिक शिक्षापिच्छे फरक फरक पाठ्यपुस्तक हुने स्थितिलाई नियन्त्रण गर्नुपर्छ। यसका लागि पाठ्यपुस्तक वोर्ड वा विषय समितिका माध्यमबाट बढीमा १० वटा पाठ्यपुस्तकको मान्यता प्रदानगरी त्यहि अनुरुप शिक्षण प्रकृया अगाडि बढाउनुपर्छ। अझ कक्षा ८ देखि १२ सम्म माध्यमिक विद्यालयको रुपमा संचालन गर्दा यसमा एकरुपता ल्याउनु पर्छ।
- उच्च माध्यमिक शिक्षामा गुणस्तर कायम गर्न तालिम प्राप्त र दक्ष शिक्षकको व्यवस्थापन तथा जीवनउपयोगी पाठ्यक्रमको निर्माण र कार्यान्वयन तिर ध्यान दिनुपर्छ।
- हालको परीक्षा प्रणालीमा व्यापक सुधारको आवश्यकता देखिएको छ। केन्द्रिकृत मूल्यांकन प्रणालीका

कारण प्रश्नहरूको बनौट, उत्तर पुस्तिका परीक्षणमा सुधार ल्याई केही मात्रामा विद्यालय तहबाट हुने मूल्यांकन प्रणालीको पनि व्यवस्थापन गर्नुपर्छ ।

- आर्थिक र सामाजिक हिसाबले बहिष्कृत तुल्य बालबालिकाहरूलाई यस्तो शिक्षामा पहुँच वृद्धि गर्न सरकारले यस्ता समूहलाई पहिचान गरी उनीहरूका लागि शिक्षाका सम्पूर्ण खर्चहरू बेहोर्न छात्रवृत्ति तथा उत्प्रेरणामूलक कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्छ ।
- यस्तो शिक्षामा सरकारले स्वामित्व लिनका लागि कुल बजेटको ३ देखि ४ प्रतिशत भाग माध्यमिक शिक्षा (९-१२) लाई छुट्याउनुपर्छ । अर्थात् यसका लागि शिक्षाको बजेटको प्रतिशतमा वृद्धि गर्नुपर्दछ ।

## ६.२ समुदाय र सरोकारवालाहरूका लागि

- विद्यालयलाई दलीय प्रभावबाट मुक्त राख्न समुदाय र सरोकारवाला पक्षले विशेष पहल गर्नुपर्छ। यसका लागि सरोकारवाला सबै पक्षको प्रतिबद्धता आउनुपर्दछ।
- विद्यालयप्रति उत्तरदायित्व भएको विद्यालय व्यवस्थापन समितिको निर्माण गर्ने जसबाट विद्यालय र समुदायको सम्बन्ध स्थापित होस् ।
- विद्यालयलाई गुणस्तरयुक्त बनाउन त्यहाँ विद्यार्थी शिक्षक सहयोग प्रणालीको विकास गर्ने जसबाट समग्र विद्यालय सहयोग प्रणालीको विकास होस् ।
- सामाजिक आर्थिक रूपमा पिछडिएका विद्यार्थीहरूलाई यस्तो शिक्षाको अवसर प्रदान गर्नुपर्छ ।
- हाल भइरहेको उच्च माध्यमिक शिक्षाको अनुगमन र मूल्याङ्कन व्यवस्था फितलो देखिएकोले यसलाई चुस्त र दुरुस्त बनाउन जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय तथा सरोकारवालाहरूको संलग्नतामा अनुगमन र मूल्याङ्कनको व्यवस्था दरिलो बनाउनुपर्छ यसबाट उच्च माध्यमिक विद्यालयहरूको अवस्था छुट्याई सो अनुसार रणनीति निर्माण गर्नुपर्छ ।

## ६.३ विद्यालयका लागि

- दक्ष र योग्य तथा उत्प्रेरित शिक्षकको व्यवस्था गर्नुपर्छ ।
- विद्यालयमा शिक्षकको शैक्षिक विकासका लागि अल्पकालीन तालिमको व्यवस्था गर्नुपर्छ ।
- विद्यालयमा शिक्षकहरूको मनोबल बढाउन निश्चित मापदण्डका आधारमा प्रत्येक वर्ष शिक्षकहरूलाई पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ ।
- विद्यार्थीहरूमा हुने व्यक्तिगत भिन्नतालाई सम्बोधन गर्न निदानात्मक मूल्याङ्कनका आधारमा उपचारात्मक शिक्षण व्यवस्थाको प्रणाली विकसित गर्नुपर्छ ।
- शिक्षक र विद्यार्थी सहयोग कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।
- पुस्तकालयको व्यवस्थापनमा ध्यान दिनुपर्छ ।

## ६.४ शिक्षकका लागि

- शिक्षकले आफ्नो शिक्षण प्रभावकारी बनाउन शिक्षण योजनाको निर्माण गर्नुपर्छ।
- शिक्षण विधि र रणनीतिमा समयानुकुल परिवर्तन गर्नुपर्छ।
- कक्षामा व्यक्तिगत भिन्नतालाई सम्बोधन गर्न निदानात्मक मूल्याङ्कनका आधारमा उपचारात्मक शिक्षण विधिको प्रयोग गर्नुपर्छ।
- शिक्षक विद्यालय र समुदायप्रति जवाफदेही हुनुपर्छ।

## सन्दर्भसामग्री

### अंग्रेजी

Daniel, J.S. 1998. *Mega- Universities and Knowledge Media: Technology Strategies for Higher Education*. London: Kogan Page.

HOPE Nepal. 2006. 'An Assessment of the Impact of Higher Secondary Education (Report)'. Kathmandu: HOPE Nepal.

Kapur, Arun. 2007. *Transforming Schools Empowering Children*. New Delhi: SAGE Publications.

Khaniya, Tirth Raj. 2007. *New Horizons in Education in Nepal.* Kathmandu: Kishor Khaniya.

Kushiyait, Binay Kumar. 2009. A Study of Social and Economic Parameters of Dropout and their Relationship with Quality of Primary Education in Nepal. Unpublished PhD dissertation submitted to Department of Education, Panjab University, Chandigarh.

Ministry of Education. 2009. *School Sector Reform Plan 2009-2015*. Kathmandu: Ministry of Education, Government of Nepal.

Rogott, N. 1961. 'American Public Schools and Equality of Opportunity'. In *Education, Economy and society: A reader in the sociology of education*, edited by A. H. Halsey, J. Flourd and C. A. Anderson. New York: The free Press.

World Bank. 2005. *Expanding Opportunities and Building Competencies for Young People: A New Agenda for Secondary Education*. Washington, DC: The World Bank.

### नेपाली

अधिकारी, लक्ष्मीप्रसाद, २०६९, उच्च माध्यमिक शिक्षा परिषद्को भूमिका, स्थान, सम्बन्धन प्रकृया र चुनौतीहरू (कार्यपत्र), उच्च माध्यमिक शिक्षा परिषद् : भक्तपुर

उच्च माध्यमिक शिक्षा परिषद्, २०६६, *सम्प्रेषण: उच्च माध्यमिक शिक्षा परिषद् गतिविधि सम्बन्धी प्रकाशन, अङ्क* २२, योजना तथा मूल्याङ्कन महाशाखा उच्च माध्यमिक शिक्षा परिषद् : भक्तपुर

उपाध्याय, जगत, २०६७, *गन्तव्य शिक्षासम्बन्धी ऐन विशेषाङ्क,* काठमाडौं : नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन केन्द्रीय समिति

उच्च माध्यमिक शिक्षा परिषद्, २०६६, *उच्च माध्यमिक विद्यालय पाठ्यक्रम (कक्षा १२)* सानोठिमी उच्च माध्यमिक शिक्षा परिषद् : भक्तपुर

कान्तिपुर, २०६७, *कान्तिपुर दैनिक* २०६७ , माघ ५, काठमाडौं : कान्तिपुर पब्लिकेशन

कुशियैत, विनयकुमार , २०६८, खाँचो : पर्खाल विहिन स्कुलको (लेख) *शिक्षक पत्रिका मासिक,* : काठमाडौं

खनियाँ, तिर्थराज र अन्य (२०५३) *उच्च माध्यमिक शिक्षा नीतिगत समस्या र समाधानका सुझावहरु (प्रतिवेदन),* उच्च माध्यमिक शिक्षा परिषद् :भक्तपुर

डीनको कार्यालय (१९९७) *नेपालमा प्राथमिक शिक्षा कीर्तिपुर:* डीनको कार्यालय, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

शिक्षा विभाग/ शिक्षा मन्त्रालय (२०६४) *दोस्रो उच्च शिक्षा परियोजना (२००७-२०१४० : कार्यप्रणाली निर्देशिका २०६४,* शिक्षा विभाग : भक्तपुर

# सामाजिक संवादका लागि सहकार्य (एएसडी)

'सामाजिक संवादका लागि सहकार्य' (एलायन्स फर सोसल डायलग - एएसडी) नेपालका विभिन्न ठाउँमा भिन्न-भिन्न विषय र क्षेत्रमा क्रियाशील संस्था एवं व्यक्तिहरूबीच संवाद प्रक्रियाबाट सहकार्यको संस्कृति विस्तार गर्ने उद्देश्य लिएर सुरू भएको अभियान हो । लोकतान्त्रिक मूल्य र मान्यता प्रवर्द्धन गर्नु यसको मूलभूत उद्देश्य हो । यो उद्देश्य प्राप्त गर्नका निम्ति एएसडीले नेपाली समाजको सरोकारका समसामयिक विषयमा सम्बद्ध पक्षबीच अन्तरक्रिया/बहस गर्दै, गराउँदै आएको छ ।

मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षा आदि सामाजिक महत्त्वका क्षेत्रमा काम गरिरहेका नेपाली सरोकारवालाहरूसँग सहकार्य गर्दै बौद्धिक संवादका लागि प्रयत्नरत रहनु एएसडीको ध्येय हो । यही ध्येयअनुरूप एएसडीले यी क्षेत्रमा काम गरिरहेका संस्था तथा व्यक्तिहरूबीच सहकार्य र संवाद बढाउन परामर्श, छलफल, अध्ययन र कार्यशाला गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्दछ । यस्ता छलफलले उच्च प्राथमिकतामा राखेका विषयहरूमा नीतिगत र गहन प्रकृतिको संवाद अघि बढाउन अवधारणापत्र समेत प्रकाशन गर्ने गर्दछ ।

एएसडीले मानवअधिकार, स्वतन्त्र सञ्चार र शिक्षाका क्षेत्रमा सक्रिय रहेर लोकतन्त्र तथा खुला/स्वतन्त्र समाजको प्रवर्द्धनमा लागिपरेका संस्था तथा व्यक्तिहरूका बीचबाट नयाँ र सिर्जनशील विषयहरू पहिचान गरी आगामी दिनमा काम गर्न सकिने विषयहरूको प्राथमिकता निर्धारण गरेको छ । त्यस्ता विषयहरूमा काम गर्न चाहिने अनुदान रकम प्राप्त गर्न अन्तर्राष्ट्रिय स्तरका सहयोगी संस्थाहरूसँग सहकार्य गर्दै स्थानीय र अन्तर्राष्ट्रिय संस्थाहरूबीचमा सञ्जाल निर्माण गर्ने काम पनि अगाडि बढाइएको छ ।

सरोकारवालाहरूसँगको छलफलका क्रममा प्राथमिकतामा परेका विषयहरूमा रचनात्मक कार्यक्रम सञ्चालन गर्न एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रेरित गर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवधारणा, नीति तथा कार्यक्रमहरूलाई सघाउ पुऱ्याउन सक्ने र स्थानीय स्तरमा देखिएका बाधा-व्यवधानहरू पहिचान गरी दिगो समाधान दिन सक्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्नका लागि परियोजना प्रस्ताव तयार पारी अनुदान रकमका लागि आवेदन पेस गर्न पनि एएसडीले स्थानीय सङ्घसंस्थाहरूलाई प्रोत्साहित गर्दै आएको छ ।

Alliance for
Social Dialogue